## वैदेशिक रोजगारमा जाने कामदारहरुलाई दिइने केयर गिभर अभिमुखिकरण तालिम प्रदायक संस्थाहरुको अनुमतिपत्र नवीकरण गर्ने बारेको सूचना

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ तथा केयर गिभर अभिमूखीकरण तालिम सम्बन्धी कार्यविधी, २०७० दफा ११ को व्यवस्था बमोजिम वैदेशिक रोजगारमा काम गर्न जाने कामदारहरुलाई दिइने केयर गिभर काम सम्वन्धी सिपविकास तालिम प्रदायक संस्थाहरुलाई २०८३ असार १ गते देखि २०८३ असार मसान्तभित्र देहाय अनुसारको कागजातहरु संलग्न राखी आ.व. २०८३/०८४ को लागि नवीकरण आवेदन **यस विभागमा** दिन सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पेश गर्नुपर्ने कागजातहरु (कागजातहरु प्रमाणित भएको हुनुपर्ने।) |
|---|---|
| १ | संस्थाको निवेदन |
| २ | अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को प्रगति |
| ३ | संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धि विवरण |
| ४ | अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा तालिम प्रदान सम्वन्धी प्रगति विवरण (तालिम प्राप्त व्यक्तिहरुको ठेगाना जिल्ला, जातिगत र लैंगिक विवरण सहित नामावली) |
| ५ | मन्त्रालय/विभाग/सचिवालयबाट अनुगमन भएको मिति र दिएका सुझावहरु र कार्यान्वयन अवस्था |
| ६ | कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ को कम्पनी अद्यावधिक गरेको पत्र |
| ७ | नवीकरण दस्तुर वापत रु.१०,०००/- (दस हजार) :- *दाखिला अनुसारको वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंको रसिद।* |
| ८ | • आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र<br>• आ.व. ०८१/८२ को लेखा परीक्षण प्रतिवेदनको प्रति |
| ९ | • पछिल्लो शेयर लगत र सोको कभर लेटर (कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको)<br>• संस्थाको शेयर बिक्री वा हक हस्तान्तरण भएको भए सोको प्रमाण |
| १० | • संस्थाको हाल कार्यालय रहेको स्थानको Google Plus code सहितको Updated Google map<br>• संस्थाको हाल कार्यालय रहेको रहेको जिल्ला, पालिकाको वडा नं., घर नं, सडक/मार्ग, टोल, फोन नम्वर, मोबाइल नम्वर, Website र इमेल लगायतको पूरा विवरण |
| ११ | अनुमतिपत्र प्राप्त संस्थाको प्रशिक्षक र हाल कार्यरत कर्मचारीहरुको विवरण |
| १२ | अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण |
| १३ | पेश गरेका सम्पूर्ण कागजातहरू वास्तविक हुन झुठा भए कानून बमोजिम सहुँला बुझाउँला भनी अध्यक्ष/संचालकले गरेको प्रतिवद्धतापत्र |

शाखा अधिकृत